# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु पाँचथर

कोशी प्रदश,नेपाल

प.स : २०८१/०८२
च.नं. : 86

मिति : २०८२/०२/१९
नेपाल संवत् ११४५,तछलाथ्व,सप्तमी

**अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सवलीकरण कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना**

**सुचना प्रकाशित मिति:२०८२/०२/१९**

प्रस्तुत विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरु,आयआर्जन क्राकलापमा संलग्न भएका र अरु नयाँ उद्यमीहरुको व्यवसाय विस्तार र नयाँ उद्यमको स्थापना र गरिरहेको व्यवसायलाई अझ प्रवर्द्धन गर्न अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम संचालनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न गरी मिति: २०८२/०२/२९ गते भित्र आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । रित नपुगेका तथा म्याद नाघी प्राप्त भएका आवेदनहरु उपर कुनै कारवाही हुने छैन ।

क)आवश्यक न्युनतम मापदण्ड

- नेपाली नागरिक
- सेतो वा पहेंलो अपाङ्गता परिचयपत्र प्राप्त अपाङ्गता भएको व्यक्ति
- निलो र रातो अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिको हकमा एकाघरको परिवारको सदस्य,
- याङवरक गाउँपालिकाको स्थायी बासिन्दा,
- उद्यम/व्यवसायमा संलग्न भएको वा सिप विकास तालिम प्राप्त गरी उद्यम वा व्यावसाय सुरु गर्न तत्पर रहेका अपाङ्गता भएका व्यक्ति

ख) संलग्न गर्नुपर्ने कागजातहरु

- अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सवलीकरण कार्यक्रम संचालन प्रकृयाको अनुसुची –१ बमोजिमको आवेदन फारम
- आवेदकको नागरिकता वा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्र,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो
- सम्बन्धीत वडाको सिफारिस पत्र

थप जानकारीको लागि 'अपाङ्गता सहायता कक्ष' सम्पर्क नं. ९८१८३८०१४० मा सम्परक गरी थप जानकारी लिन सक्नुहुनेछ साथै निवेदन सम्बन्धित शाखाबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**बोधार्थ:**

श्री सुचना तथा प्रविधि शाखा वेवसाइट तथा सुचनाका माध्यममा राखि दिनुहुन ।

श्री सम्पुर्ण वडा कार्यालयहरु आवश्यक सहजिकरण गरिदिनुहुन ।

..............................
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत